विद्यमान कानुनी व्यवस्थामा सुधारको आवश्यकता

विपद् जोखिम राष्ट्रिय रणनीति, २०६६ ले निर्धारण गरेका कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि संस्थागत संरचनाको स्थापना गर्न सोही अनुरूपको विपद् व्यवस्थापन ऐन बन्नु आवश्यक छ ।

- नेपालमा विपद्को सामना गर्न सक्ने क्षमताको विकास उचित ढङ्गबाट हुन सकिरहेको छैन । विद्यमान कानुनी व्यवस्थाअनुसार विपद् व्यवस्थापनका प्रमुख क्षेत्रहरू पूर्वतयारी, प्रतिकार्य र पुन:स्थापनमध्ये प्रतिकार्यलाई मात्र प्राथमिकतामा राखिएको छ ।

- विभिन्न अध्ययन तथा प्रयोगबाट विपद् पूर्वतयारीका क्रियाकलापले करिब ९० प्रतिशत मानवीय क्षति न्यून गर्न सकिने देखिएको छ । (उदाहरणको रुपमा सन् १९७० मा आएको सामुद्रिक आँधीमा परेर ५ लाख बङ्गलादेशी नागरिकको ज्यान गएको थियो भने बङ्गलादेश सरकारले विपद् व्यवस्थापनको क्षेत्रमा गरेको पूर्वतयारीपश्चात् सन् २००७ को नोभेम्बरमा आएको सन् १९७० कै क्षमताको सामुद्रिक आँधीमा परेर मात्र ४ हजार मानिसको ज्यान गएको थियो ।) त्यसैले विपद् पूर्वतयारीलाई संस्थागत रूप दिएर क्षति कम गर्ने उपायका लागि कानुनी व्यवस्था हुनु आवश्यक छ ।

विपद् पूर्वतयारीका क्रियाकलापले करिब ९० प्रतिशत मानवीय क्षति न्यून गर्न सकिने

- दैवी प्रकोप (उद्धार) ऐन, २०३९ लाई दुई पटक संशोधन गरिएको भए तापनि यसले विपद् व्यवस्थापन प्रक्रियालाई पूर्ण रूपमा समेट्न सकेको छैन । त्यसैले विपद् व्यवस्थापनलाई सरकारी दायित्व र कार्यक्षेत्रमा राखी विपद् पूर्व, विपद्को समयमा र विपद् पश्चात् गर्नुपर्ने व्यवस्थापनको कार्यलाई सहज बनाउने गरी कानुनी व्यवस्था हुनु आवश्यक छ ।

- अन्तर्राष्ट्रिय मानवीय मापदण्ड र मानवअधिकारको मान्यताअनुरूप जीविकोपार्जनसहित सुरक्षित जीवन बिताउन पाउनु हरेक नागरिकको नैसर्गिक अधिकार हो । यथार्थमा विपद् प्रभावित समुदायको अधिकारको रक्षाको प्रत्याभूति गर्ने कानुनी व्यवस्था गरी विपद् व्यवस्थापनसँग सम्बन्धित निर्णय र कार्यान्वयनमा उनीहरूको समान सहभागिताको सुनिश्चितता गर्नु राज्यको दायित्व हो ।

- अपाङ्गता भएका व्यक्तिहरूलाई समाजका सबै पक्षहरूमा समावेश गर्ने र निजी तथा सार्वजनिक जीवनमा सहभागी हुने अवसर हरूको सुनिश्चितता राज्यले गर्नुपर्दछ । त्यसकारण, विपद् जोखिम न्यूनिकरण र विपद् व्यवस्थापनका हरेक कार्यहरूमा अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण एउटा अङ्ग बन्नु पर्दछ ।

- विकास-निर्माणका योजना सञ्चालन गर्दा वातावरण प्रभाव मूल्याङ्कनकै क्रममा विपद् प्रभाव मूल्याङ्कन गर्नुपर्ने बाध्यकारी कानुनी व्यवस्था जरुरी छ ।

- जोखिम न्यूनीकरणको लागि पूर्वतयारीलाई संस्थागत गर्ने, अल्पीकरणका कार्यलाई सँगै अघि बढाउने, विपद् व्यवस्थापनका प्रत्येक चरणका कार्य तदारुकताका साथ सञ्चालन गरी पीडितको सुरक्षित भविष्यको प्रत्याभूति गर्ने र नागरिकको जीउधनको रक्षा गर्दै विपद्बाट हुने समग्र क्षतिलाई उल्लेख्य रूपमा कम गर्नका लागि योजनाबद्ध र संस्थागत संरचनाको व्यवस्था कानुनद्वारा नै गर्नु आवश्यक छ, जुन नेपालमा हुन सकेको छैन ।

मानवअधिकार को मान्यताअनुरुप जीविकोपार्जनसहित सुरक्षित जीवन बिताउन पाउनु हरेक नागरिकको नैसर्गिक अधिकार हो ।

- विपद्सम्बन्धी नेपालका प्रमुख सवाल र सुधार गर्नुपर्ने क्षेत्रहरू निम्नअनुसार देखिएका छन् :
  - विपद्को समयमा मात्र अपनाइने राहतमुखी दृष्टिकोणमा सुधार,
  - समाजमा व्याप्त रहेको विपद्सम्बन्धी अल्पज्ञानको निवारण,
  - अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता सहित लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई जोड दिनुपर्ने,
  - विपद् व्यवस्थापनका प्रत्येक चरणमा प्रभावकारी समन्वय र सामुदायिक सहभागिता,
  - विकासमा विपद् जोखिम न्यूनीकरण मूलप्रवाहीकरणका माध्यमबाट विकास र विपद्को सम्बन्ध जोड्ने नीतिगत व्यवस्था,
  - प्रभावकारी संस्थागत संरचनाको स्थापना,
  - केन्द्रदेखि गाउँस्तरसम्म कार्यान्वयन योग्य विपद् व्यवस्थापन योजना,
  - विपद् व्यवस्थापनका लागि बजेटको व्यवस्था र विपद् व्यवस्थापन कोषको स्थापना,
  - राजनीतिक चेतना र प्रतिबद्धता ।

- विपद् जोखिम व्यवस्थापनको लागि ह्योगो कार्य संरचना-२००५ लाई विश्वले साझा मार्गदशनको रूपमा स्वीकार गरेको छ । त्यसैको आधारमा सरकारले 'विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६' स्वीकृत गरेको छ । यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि अझै पनि उपयुक्त किसिमको राष्ट्रिय ऐन लागू हुनु आवश्यक छ ।



अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्वन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिलाई नेपाल सरकारले २००९ मा अनुमोदन गरेको छ । खासगरी दफा ११ ले पक्ष राष्ट्रहरूले सशस्त्र द्वन्द, मानवीय सङ्कट तथा प्राकृतिक प्रकोपहरू भएको अवस्था लगायत जोखिमका अन्य अवस्थाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण र सुरक्षा सुनिश्चित गर्न आवश्यक पर्ने सम्पूर्ण उपायहरू अवलम्बन गर्नुपर्ने राज्यको दायित्वलाई उल्लेख गरेको छ ।